**आकाशवाणी समाचार- नेपाली**

मितिः १५ दिसम्बर २०२५

समयः ०६:२५ - ०६:३५ बजे (*अवधिः ०५ मिनट*)

**मुख्य समाचार**

- भारतीय जनता पार्टीका नितिन नवीनलाई पार्टीको कार्यकारी राष्ट्रीय अध्यक्ष नियुक्त गरिएकोमा पश्चिम बंगालका नेता प्रतिपक्ष शुभेंदु अधिकारीले सोशल मीडिया प्लेटफॉर्म एक्समा पोस्ट गरेर बधाई दिनुभएको छ।

- चुनाव आयोगले 2026 को पश्चिम बंगाल विधानसभा चुनाव अघि ईवीएमको लागि प्रथम स्तर जांच (एफएलसी) प्रक्रियालाई सुद्रिड बनाइँ रहेको छ ।

- कलकत्ता उच्च न्यायालयको जलपाईगुडी सर्किट बेन्चको स्थायी भवनको उद्घाटन आगामी वर्ष १७ जनवरीमा हुनेछ।

- क्रामाकपा पार्टी दार्जिलिङ आञ्चलिक कमिटीको तत्वावधानमा हिज क्रामाकपाको स्थापना दिवस पार्टी कार्यालय रतनलाल ब्राह्मण स्मृति भवन दार्जिलिङमा सम्पन्न भयो।

- गुप्त सूत्रहरुबाट सूचना पाए पछि जलदापाड़ा राष्ट्रीय उद्यानमा अचानक व्यापक तलाशी अभियान शुरू गरिएको छ।

**नितिन नवीन- शुभेंदु अधिकारी**

भारतीय जनता पार्टीका नितिन नवीनलाई पार्टीको कार्यकारी राष्ट्रीय अध्यक्ष नियुक्त गरिएकोमा पश्चिम बंगालका नेता प्रतिपक्ष शुभेंदु अधिकारीले सोशल मीडिया प्लेटफॉर्म एक्समा पोस्ट गरेर बधाई दिनुभएको छ। शुभेंदु अधिकारीले आफ्नो पोस्टमा लेख्नुभएको छ "श्री नितिन नवीन जी लाई भारतीय जनता पार्टीको राष्ट्रीय कार्यकारी अध्यक्ष नियुक्त गरिएकोमा हार्दिक बधाई। यो तपाइको अटूट समर्पण, नेतृत्व अनि अथक जनसेवाको एक महत्वपूर्ण मान्यता हो। उहाले अझ लेख्नुभएको छ कि यस महत्वपूर्ण भूमिकामा तपाइको सफलताको लागि आशा अनि प्रार्थना गर्दछु अनि विश्वास गर्दछु कि तपाईले 'सबैको साथ, सबैको विकास, सबैको विश्वास' को हाम्रो मिशनमा महत्वपूर्ण योगदान दिनुहुनेछ दिनुहुनेछ।"

**पश्चिम बंगाल-एफएलसी प्रक्रिया**

चुनाव आयोगले 2026 को पश्चिम बंगाल विधानसभा चुनाव अघि ईवीएमको लागि प्रथम स्तर जांच (एफएलसी) प्रक्रियालाई सुद्रिड बनाइँ रहेको छ । पश्चिम बंगाल देखि बाहिरका पांच नोडल अधिकारीहरुले राज्यमा एफएलसी प्रक्रियाको निगरानी गरिरहेका छन्। अरुणाचल प्रदेशका उप मुख्य निर्वाचन अधिकारी शानिया कायेम मिजे, महाराष्ट्रका उप मुख्य निर्वाचन अधिकारी योगेश गोसावी, मेघालयका अतिरिक्त मुख्य निर्वाचन अधिकारी पी के बोरो, मिजोरमकी संयुक्त मुख्य निर्वाचन अधिकारी एथेल रोथांगपुई तथा भारत निर्वाचन आयोगका अवर सचिव कनिष्क कुमारलाई पर्यवेक्षक नियुक्त गरेको छ।

**एसआईआर**

एसआईआर अन्तर्गत दार्जीलिंग जिल्लाको ५ वटा विधानसभा क्षेत्रहरूमा फारम र डाटाको डिजिटलीकरण गर्ने काम लगभग पुरा गरिएको जानकारी प्राप्त भएको छ। सुत्र अनुसार जिल्लाको पाँच विधानासभा मध्ये दार्जीलिंग विधानसभामा लगभग ९०% खरसाङमा लगभग ९३% मतिगढा-नक्सलबारीमा लगभग ९०%,सिलगढीमा लगभग ८७% तथा फाँसीदेवा क्षेत्रमा लगभग ९३% कार्य पुरा गरिएको थाहा लागेको छ। यस्तै प्रकारले जिल्लाको विभिन्न विधानसभा क्षेत्रहरुमा केही प्रतिशत मृत्यु एव स्तान्तरन भएकोले के कति मानिसहरु SIR मा अयोग्य हुने, त्यसबारेमा स्पष्ट नभएको थाहा लागेको छ।

**जलपाईगुडी सर्किट बेन्च**

कलकत्ता उच्च न्यायालयको जलपाईगुडी सर्किट बेन्चको स्थायी भवनको उद्घाटन आगामी वर्ष १७ जनवरीमा हुनेछ। जिल्ला प्रशासनले यसको तयारी सुरु गरेको छ। उल्लेखनीय छ २०१९ देखि सर्किट बेन्च स्टेशन रोडमा अवस्थित अस्थायी भवनमा सञ्चालनमा थियो। अब, शहरको छेउमा रहेको पहाडपुर क्षेत्रमा लगभग ४० एकड जमिनमा बनेको भव्य स्थायी भवनको उद्घाटन हुन लागेको छ। उद्घाटन समारोहमा सर्वोच्च न्यायालयका मुख्य न्यायाधीश, धेरै उच्च न्यायालयका मुख्य न्यायाधीशहरू र विशिष्ट अतिथिहरू उपस्थित हुने सम्भावना रहेको छ।

**पथश्री योजना**

पश्चिम मेदिनीपुर जिल्लामा ग्रामीण सड़कहरूको विकासको निम्ति राज्य सरकारले पथश्री योजना अन्तर्गत ठूलो राशि आवन्टन गरेको छ। जिल्लाका सबै 21 वटै ब्लकहरूको लागि 12 कड़ोर रुपियाँ जारी गरिएको छ जसलाई ब्लकगत वितरण गरिनेछ। सूत्र अनुसार यस राशिबाट पिंगला ब्लकलाई 2 कड़ोर रुपियाँ, संबग ब्लकलाई 1 कड़ोर 99 लाख रुपियाँ तथा नारायगढ़ ब्लकलाई 1 कड़ोर 60 लाख रुपियाँ आवन्टन गरिएको छ। यी सबै राशि पश्चिम मेदिनीपुर जिल्ला परिषद द्वारा जारी गरिएको हो। जिल्ला परिषद सूत्र अनुसार पथश्री–रास्ताश्री योजना अन्तर्गत जिल्लाका रहल ब्लकहरूलाई पनि यसरी नै विकास कार्यको लागि राशि दिइएको छ। अन्य ब्लकहरूको सूची शीघ्र जारी गर्ने सम्भावना रहेको छ।

**इण्डिया पोस्टल इम्प्लोइज यूनियन**

अल इण्डिया पोस्टल एम्पलाइज यूनियन ग्रुप सीद्वारा हिज रानीगञ्जको सी.एम.एस.आई भवनमा जनरल बडी मीटिंग आयोजना गरयो। पश्चिम बंगाल सर्किलका उपाध्यक्ष शान्तनु मुखर्जीले सभाको औचित्यबारे पत्रकारहरूलाई जानकारी गराउँनु भयो | सभा अल इण्डिया पोस्टल इम्प्लोइज यूनियन ग्रुप सी आसनसोल डिभीजनको पक्षबाट आयोजना गरिएको थियो । सभामा आसनसोल डिभीजनको अर्थ आसनसोल दुर्गापुर र रानीगञ्जबाट संगठनका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । यस कार्यक्रममा लगभग 150 सदस्यहरू उपस्थिति रहेको थियो ।

**क्रामाकपा- स्थापना दिवस**

क्रामाकपा पार्टी दार्जिलिङ आञ्चलिक कमिटीको तत्वावधानमा हिज क्रामाकपाको स्थापना दिवस क्रामाकपा पार्टी कार्यालय रतनलाल ब्राह्मण स्मृति भवन दार्जिलिङमा सम्पन्न भयो। कार्यक्रम क्रामाकपा परामर्श कमिटीका चेयरम्यान कमरेड आरबी राई लगायत केन्द्रिय कमिटीका वरिष्ठ कमरेडहरुले शहीद वेदीमा पुष्प अर्पण साथै मौन धारण गरि श्रद्धांजलि अर्पित गरे। परामर्श कमिटीका वरिष्ठ नेता कमरेड आर पी पाख्रीनले आफ्नो सम्बोधनमा कमरेडहरूलाई अझ सशक्त भएर अघि बढ्न आग्रह गरे। संगठन प्रमुख कमरेड शेखर छेत्रीले क्रामाकपाको जन्मनै हाम्रो जातीय स्वाभिमान र संरक्षणको निम्ति बर्ष 1996मा भएको बताए। उहाले आगामी विधानसभा चुनाउलाई ध्यानमा राख्दै पार्टीको दिशानिर्देशको निम्ति तयार रहने आह्वान गर्नुभयो । यसैगरी, क्रामाकपा कार्यकारी अध्यक्ष बीएम राईले घाम पानी सबै सहेर आजसम्म यो पार्टीलाई साथ दिने कमरेडहरूमा अभिनन्दन व्यक्त गर्नुभयोरे। उहाले केन्द्र सरकारको हाम्रो जातिप्रति उदासीन व्यवहारप्रति असन्तुष्टि व्यक्त गर्नुभयो । क्रामकपालाई यसरीनै अनदेखा गरे आगामी विधानसभा चुनावमा विचार गर्नुपर्ने मनतव्य पनि उहाले राख्नुभयो । क्रामाकपा परामर्श कमिटीका चेयरम्यान कमरेड आरबी राईले आफ्नो सम्बोधनमा - क्रामाकपाको जन्म नै बङ्गाल सरकारको हामीलाई हेर्ने दृष्टि र थिचोमिचोको कारण जातीय उन्मुक्तिको निम्ति भएको बताउनुभयो।

**जलदापाड़ा राष्ट्रीय उद्यान**

जलदापाड़ा राष्ट्रीय उद्यानमा अचानक व्यापक तलाशी अभियान शुरू गरिएको छ । पुरा राष्ट्रीय उद्यानलाई घेरिएको छ अनि डॉग स्क्वाड पनि तैनात गरिएको छ । राज्य पुलिसको सशस्त्र बल अनि रैपिड रिस्पांस टीम सित मिलेर अधिकारीहरुले तलाशी अभियान चलाईरहेका छन् । गुप्त सूचना पाए पछि जलदापाड़ामा हाई अलर्ट जारी गरिएको छ । जंगलको नजिकको क्षेत्रहरुका निवासिहरुलाई पनि सतर्क गरिएको छ । हिज आइतबार बिहान गुप्त सूत्रहरुबाट सूचना पाएर अधिकारिहरुले जंगल अनि वरीपरीको इलाकाहरुमा खोजी अभियान शुरू गरे । मुख्य रूपले जलदापाड़ा राष्ट्रीय उद्यानको कोदालबस्ती, चिलापाटा, नीलपाड़ा अनि

मदारीहाट – यी चार रेंज क्षेत्रहरुमा खोजी अभियान चलाईरहेको छ । अवैध शिकारीहरुले यस इलाकामा ठिकाना बनाएर बसेको सूत्रहरुबाट जानकारी प्राप्त भएपछि राज्य पुलिसको सशस्त्र बल अनि रैपिड रिस्पांस टीमले अभियान शुरू गरेको हो । लगभग एक सप्ताह पुर्व जलदापाड़ा राष्ट्रीय उद्यानमा तस्करी रोकने अनि मानव-वन्यजीव संघर्षलाई रोक्नको लागि वन विभागले ठुलो पाइला चलेको थियो । वन्यजीव संरक्षणमा निगरानीलाई अझ दह्रिलो बनाउनको लागि आधुनिक इंटीग्रेटेड कंट्रोल रूम लॉन्च गरिएको थियो । त्येस पश्च्यात हिज गुप्त सूत्रहरुबाट सूचना प्राप्त भए पछि अधिकारिहरुले यो खोजी अभियान चलाईएको हो ।

रणभूमि भारत दर्शन

सिक्किमका राज्यपाल ओमप्रकाश माथुर हिज भारत-चीन सीमास्थित ऐतिहासिक चो ला पासमा आयोजित एक भव्य समारोहमा सम्मलित हुनुभयो। यस अवसरमा राज्यपालले चो ला प्रेरणा स्थलको उद्घाटन गर्नुभयो जहाँ अडियो-भिजुअल कक्ष, प्रार्थना ध्वजको स्थापना गरिएको छ। यो स्थल केन्द्र सरकारको रणभूमि भारत दर्शन पहल अन्तर्गत विकसित गरिएको हो। यसैगरी, राज्यपालले चमन टप हेलिप्याडबाट 'सिक्किम – द सिल्क रूट ड्राइभ' सुपर कार र्‍यालीलाई हरियो झण्डा देखाएर प्रस्थान गराउनु भयो । यस र्‍यालीमा लेम्बर्गिनी, पोर्शे र बीएमडब्ल्यु जस्ता उच्च प्रदर्शन क्षमता भएका 17 वटा सुपर कारहरू सामेल भए । यो आयोजन मुम्बईस्थित सुपर कार रूट ग्रुपले सञ्चालन गरेको हो भने सिक्किम सरकार र भारतीय सेनाको त्रिशक्ति कोर अन्तर्गत ब्ल्याक क्याट डिभिजनको सहयोगमा आयोजन गरिएको हो।
राज्यपाल माथुरले आफ्नो सम्बोधनमा चो ला प्रेरणा स्थलमाथि प्रकाश पार्दै मेजर जनरल सगत सिंहको वीरताको स्मरण गर्नुभयो । उहाले यस स्थलले भावी पीढीहरूलाई प्रेरणा दिइरहने छ भन्दै शहीद सैनिकहरूप्रति श्रद्धाञ्जलि अर्पित गर्नुभयो ।

****** ० ******